# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६१/६२ को प्रथम दुई महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**मंसिर २०६१**

## मुख्य बुँदाहरु

- आर्थिक वर्ष २०६१/६२ को प्रथम दुई महिनामा बिस्तृत मुद्रा प्रदाय बढेको छ भने संकुचित मुद्रा प्रदाय घटेको छ ।
- बैकिङ्ग क्षेत्रबाट श्री ५ को सरकारतर्फ गएको कर्जा घटेको छ ।
- आवधिक निक्षेपको बढ्ने क्रम जारी छ ।
- मुद्रा बजारमा ट्रेजरी विल्सको ब्याजदर घटेको  छ ।
- धितोपत्र बजारको कारोवार तथा नेप्से परिसूचकाङ्क बढेको छ ।
- नगद प्रवाहमा आधारित कुल सरकारी खर्च घटेको छ ।
- कुल खर्च घटेको तर गैर-ऋण साधन उच्च दरले वृद्धि भएको परिणमस्वरुप सरकारी बजेट स्थिति उच्च बचतमा रहेको छ ।
- विन्दुगत आधारमा मूल्य सूचकाङ्कको वृद्धिदरमा कमी आएको छ ।
- आयात घटेको  तर  निर्यातको वृद्धिदर उच्च रहेकोले व्यापार घाटा घटेको छ ।
- वैदेशिक अनुदान तथा खूद सेवा आय उच्च दरमा वृद्धि भएको कारण चालु खाता बचतमा रहेको छ ।
- चालु खातामा पर्याप्त बचत रहेको र बैदेशिक ऋण तथा विविध पूँजी आप्रवाहमा उच्च दरले वृद्धि भएको कारण आर्थिक वर्ष २०६०/६१ मा समग्र शोधनान्तर स्थिति नेपालको पक्षमा रहेको छ ।
- कुल विदेशी विनिमय संचिति आर्थिक वर्ष २०६० भाद्र मसान्तको रु.१ खर्ब ५ अर्ब ४५ करोडबाट बढेर २०६१ भाद्र मसान्तमा रु.१ खर्ब २५ अर्ब ३३ करोड पुगेको छ । यो विदेशी विनिमय संचिति १२.६ महिनाको वस्तु आयात र १०.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

# देशको वर्तमान आर्थिक स्थिति


*(आर्थिक वर्ष २०६१/६२ को प्रथम दुई महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

१. २०६१ भाद्र मसान्तमा विस्तृत मुद्राप्रदाय ०.७ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ८१ अर्ब ५ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही दुई महिनाको अवधिमा विस्तृत मुद्रा प्रदाय १.० प्रतिशतले घटेको थियो । खुद स्वदेशी सम्पत्तिमा वृद्धि भएकोले अघिल्लो आर्थिक वर्षको तुलनामा यस अवधिमा विस्तृत मुद्राप्रदायमा वृद्धि भएको हो। यस वर्ष आवधिक निक्षेप ४.३ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९२ अर्ब ८० करोड पुगेको छ। गत वर्ष आवधिक निक्षेप १.३ प्रतिशतले बढेको थियो। यस वर्ष निजी क्षेत्रको विप्रेषण आप्रवाह बढेकोले आवधिक निक्षेपमा विस्तार आएको हो। गत वर्ष ५.५ प्रतिशतले घटेको संकुचित मुद्रा प्रदाय यस वर्ष ६.४ प्रतिशतले घटेर रु. ८८ अर्ब २५ करोडमा झरेको छ। आवधिक निक्षेप उच्च दरले बढेकोले संकुचित मुद्राप्रदाय यस वर्ष घटेको हो। तेस्रो मौद्रिक योगाङ्कको रुपमा रहेको विस्तृत मौद्रिक तरलता एम-३ (एम-२ र विदेशी मुद्रा निक्षेप) गत वर्ष ०.७ प्रतिशतले घटेको तुलनामा यस वर्ष ०.९ प्रतिशतले बढी रु. ३ खर्ब २ अर्ब १५ करोड पुगेको छ।

२. मौद्रिक योगाङ्कहरुमा विस्तारकारी भूमिका खेल्ने खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समेत) यस वर्ष ३.९ प्रतिशतले घटी रु. १ खर्ब ४ अर्ब १९ करोडमा झरेको छ। गत वर्ष खुद वैदेशिक सम्पत्ति २.८ प्रतिशतले घटेको थियो । पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय स्तरमा बढेको कारण भारतबाट आयात हुने पेट्रोलियम पदार्थको आयात विल बढेकोले भा.रु. सञ्चितिमा चाप पर्न गई मौद्रिक क्षेत्रको समग्र खुद वैदेशिक सम्पत्ति यस वर्ष घटेको हो।

३. बैंकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा गत वर्ष ०.५ प्रतिशतले घटेकोमा यस वर्ष पनि ०.५ प्रतिशतले नै घटी रु. २ खर्ब ४८ अर्ब ७३ करोडमा झरेको छ। मौद्रिक क्षेत्रको गैर-वित्तीय संस्थानहरुमाथिको दाबी र निजी क्षेत्रमाथिको दाबीमा वृद्धि भएको भए तापनि श्री ५ को सरकारलाई गएको खुद कर्जामा कमी आएको र वित्तीय संस्थानहरुमाथिको दाबीमा कमी आएको कारण कुल आन्तरिक कर्जामा कमी आएको हो। यस वर्ष मौद्रिक क्षेत्रको गैर वित्तीय संस्थानहरु माथिको दावी ७२.८ प्रतिशतले बढी रु. ३ अर्ब ८६ करोड पुगेको छ। वाणिज्य बैंकहरुबाट नेपाल आयल निगमलाई गएको कर्जामा वृद्धि भएको कारणले उक्त दावीमा वृद्धि भएको हो। गत वर्ष सो दावी ९.१ प्रतिशतले घटेको थियो। मौद्रिक क्षेत्रको वित्तीय संस्थाहरु माथिको दावी गत वर्ष ०.२ प्रतिशतले घटेकोमा यस वर्ष ६.८ प्रतिशतले घटी रु. १३ अर्ब ३५ करोडमा झरेको छ। कृषि विकास बैंकका वाणिज्य बैंकिङ्ग कारोवार गर्ने शाखाहरुको केन्द्रीय कार्यालयहरुमा कायम हुने मौज्दातमा केही कमी आएकोले सो दावीमा कमी आएको हो। गत वर्ष १.७ प्रतिशतले घटेको श्री ५ को सरकारतर्फ गएको खुद कर्जा श्री ५ को सरकारको नेपाल राष्ट्र बैंकसँगको नगद मौज्दात बढ्न गएकोले यस वर्ष ६.५ प्रतिशतले घटी रु. ५८ अर्ब २६ करोडमा झरेको छ। मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष ०.२ प्रतिशतले वृद्धि भएको तुलनामा यस वर्ष १.३ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७३ अर्ब २६ करोड पुगेको छ। उपभोक्ता कर्जा लगायत घर कर्जामा वृद्धि भएको कारण निजी क्षेत्रमाथिको दावीमा यस वर्ष सीमान्त दरले वृद्धि भएको हो।



४. मुद्राप्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) यस वर्ष ९.२ प्रतिशतले घटी रु. ७१ अर्ब ८७ करोडमा झरेको छ । गत वर्ष खुद अमौद्रिक दायित्व १.६ प्रतिशतले घटेको थियो । यस वर्ष खुद आन्तरिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) ३.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७६ अर्ब ८६ करोड पुगेको छ । गत वर्ष खुद आन्तरिक सम्पत्ति ०.१ प्रतिशतले मात्र बढेको थियो । मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामा कमी आए तापनि त्यसको तुलनामा खुद अमौद्रिक दायित्वमा आएको कमी उल्लेखनीय भएको कारण खुद आन्तरिक सम्पत्तिमा केही वृद्धि भएको हो ।


५. नेपाल राष्ट्र बैंकले २०६१ भाद्र महिनामा विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी रु. २ अर्ब ७ करोड बराबरको तरलता प्रवाह गरेको छ । साथै, असहज शान्ति सुरक्षाको स्थिति विद्यमान रहेकोले लगानीको लागि बैंक कर्जाको माग अपेक्षित रुपमा बढ्न नसकेकोले अल्पकालीन ब्याजदर घटेको छ । उदाहरणका लागि २०६० भाद्र महिनामा ३.६६ प्रतिशत रहेको औसत ट्रेजरी बिल्स दर २०६१ भाद्र महिनामा ०.६३ प्रतिशतमा झरेको छ । त्यस्तै २०६० भाद्र महिनामा २.६६ प्रतिशत रहेको अन्तरबैंक ब्याजदर २०६१ भाद्र महिनामा ०.३९ प्रतिशतमा झरेको छ ।

## सरकारी वित्त स्थिति

६. श्री ५ को सरकारले कुल खर्चलाई साधारण र विकास खर्चमा वर्गीकरण गर्ने गरिएकोमा चालु आर्थिक बर्ष २०६१/६२ को आयव्ययको सार्वजनिक जानकारी बक्तव्यमार्फत यसमा परिवर्तन गरी कुल खर्चलाई चालु खर्च, पूंजीगत खर्च र सांवा भूक्तानी गरी तीन भागमा बर्गीकरण गरेको छ । यी शीर्षकहरु र बिगत आर्थिक बर्षहरुमा भएको साधारण र बिकास खर्चको शीर्षकहरुमा भएको खर्चको तुलनात्मक बिश्लेषण गर्न सान्दर्भिक हुने नदेखिएकोले आर्थिक बर्ष २०६१/६२ को प्रथम दुई महिनाको तथ्यांक मात्र प्रस्तुत गरिएको छ । नगद प्रवाहमा आधारित तथ्यांक अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्ष ७.४ प्रतिशतले बढेकोमा यस वर्ष २५.८ प्रतिशतको उच्च दरले घटेर रु. ६ अर्ब ८४ करोडमा सीमित रहेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. ४ अर्ब ८५ करोड (७०.८ प्रतिशत), पूंजीगत खर्चतर्फ रु. २३ करोड, (३.३ प्रतिशत), सांवा भुक्तानीतर्फ रु. ३८ करोड (५.५ प्रतिशत) र फ्रिजतर्फ रु. १ अर्ब ३९ करोड (२०.३ प्रतिशत) रहेको छ ।

७. गत वर्ष २६.० प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजस्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष ९.७ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ९२ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजस्व गत वर्ष १९.० प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ८.४ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ७६ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष ४१ करोड प्राप्त भएकोमा यस बर्ष रु. ६८ करोड प्राप्त भएको छ । गैर-बजेटरी आय गत वर्ष रु. ४२ करोड रहेकोमा यस वर्ष ६३.३ प्रतिशतले ह्रास आई रु. १५ करोडमा सीमित रहेको छ ।

चार्ट नं. : २
कुल सरकारी खर्च, साधन तथा बजेट सन्तुलन
(प्रथम दुई महिना, रकमगत)




८. साधन परिचालन बढेको तर सरकारी खर्चमा ह्रास आएको कारणले २०६१ भाद्रसम्ममा रु. २ अर्ब ८ करोडको बजेट बचत भएको छ । गत वर्ष यस अवधिमा रु. १ अर्ब ९ करोड बजेट घाटा भएको थियो । गत बर्ष रु. ३२ करोड वैदेशिक नगद ऋण प्राप्त भएकोमा यस बर्ष पनि रु. ३२ करोड नै प्राप्त भएको छ । श्री ५ को सरकारको खातामा यस महिनाको अन्त्य सम्ममा सरकारी कारोबारबाट रु. २ अर्ब ४१ करोड बचत रहेको छ । श्री ५ को सरकारले गत बर्ष यसै अवधिमा रु. ७९ करोड अधिबिकर्ष उपयोग गरेको थियो ।

९. २०६१ आषाढमा श्री ५ को सरकारको खातामा रु. ७५ करोड बचत रहेकोमा यस अवधिमा कुल खर्च २५.८ प्रतिशतले घटेको र कुल गैर-ऋण साधन ९.७ प्रतिशतले बढेको फलस्वरुप बजेटमा बचत भएकोले २०६१ भाद्र मसान्तमा श्री ५ को सरकारको खातामा रु. ४ अर्ब ५९ करोडको बचत भएको फलस्वरुप श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६१ आषाढको रु. ८५ अर्ब ३८ करोड करोडबाट २०६१ भाद्र महिनामा रु. ८१ अर्ब ५६ करोडमा झरेको छ ।

## मूल्य स्थिति

१०. वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ भाद्रमा २.३ प्रतिशतले बढ्न गएको छ । २०६० भाद्रमा यस्तो बृद्धिदर ५.२ प्रतिशत रहेको थियो । तरकारी तथा फलफूलको मूल्य सूचकाङ्कमा बृद्धि भएता पनि अन्न तथा अन्नबाट बनेका परिकारहरुको मूल्य सूचकाङ्क ह्रासोन्मुख रहेको कारण मूल्य वृद्धिदर कम रहन गएको हो । २०६० भाद्रमा १५६.१ रहेको समग्र मूल्य सूचकाङ्क २०६१ भाद्रमा १५९.७ विन्दुमा पुगेको छ ।

११. यस वर्ष खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ३.३ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो वृद्धिदर ३.९ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतका उप-समूहहरु मध्ये चिनी तथा चिनीजन्य पदार्थ (२२.१ प्रतिशत), तरकारी तथा फलफूल (१२.२ प्रतिशत), दलहन (५.१ प्रतिशत), माछा, मासु तथा फुल (५.० प्रतिशत), तेल तथा ध्यू (२.३ प्रतिशत), रेष्टुँराको खाना (२.१ प्रतिशत), मरमसला (१.६ प्रतिशत) र दूध तथा दुग्ध पदार्थ (०.१ प्रतिशत) को मूल्यमा वृद्धि हुन गएको छ भने पेय पदार्थ (०.६ प्रतिशत) र अन्न तथा अन्नबाट बनेका परिकारहरु (०.४ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।


१२. गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क गत बर्ष ६.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १.४ प्रतिशतले मात्र बढ्न गएको छ । यस समूह अन्तर्गतका उप-समूहहरुमा लत्ता कपडा (२.३ प्रतिशत), घरायसी सामान तथा सेवाहरु (१.९ प्रतिशत), औषधी तथा व्यक्तिगत हेरचाह (१.८ प्रतिशत) र शिक्षा तथा मनोरंजन (०.६ प्रतिशत) को मूल्य बढेको छ भने जुत्ता (०.७ प्रतिशत), यातायात तथा संचार (०.३ प्रतिशत) र सूर्तिजन्य वस्तुहरु (०.१ प्रतिशत) को मूल्यमा ह्रास आएको छ ।

१३. क्षेत्रगत आधारमा मूल्य सूचकाङ्क काठमाडौं उपत्यकामा ४.१ प्रतिशत, तराईमा १.८ प्रतिशत र पहाडमा ०.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः ५.६ प्रतिशत, ५.२ प्रतिशत र ५.० प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, तराई र पहाडमा क्रमशः ५.५ प्रतिशत, २.६ प्रतिशत र १.६ प्रतिशतले बृद्धि भएको छ । त्यस्तैगरी गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, तराई र पहाडमा क्रमशः २.७ प्रतिशत, १.० प्रतिशत र ०.२ प्रतिशतले वृद्धि भएको छ ।

१४. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६१ भाद्र महिनामा ६.१ प्रतिशतले बृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ३.२ प्रतिशत रहेको थियो । नगदे वाली, निर्माण सामग्री तथा यातायातका साधन र मेशिनरी औजारको मूल्य बढेको कारण गत वर्षको तुलनामा यसवर्षको मूल्य वृद्धिदर बढी रहन गएको हो । समूहगत रुपमा स्वदेशमा उत्पादित वस्तुहरु, आयातीत वस्तुहरु र कृषि सम्बन्धी वस्तुहरुको मूल्यमा क्रमशः ७.३ प्रतिशत, ६.५ प्रतिशत र ५.४ प्रतिशतले वृद्धि भएको छ ।

## वैदेशिक व्यापार


१५. भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६१/६२ को दोश्रो महिनासम्ममा कुल निर्यात ८.४ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ८३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा कुल निर्यात २४.८ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष ३०.४ प्रतिशतले वृद्धि भएको भारततर्फको निर्यात यस बर्ष २४.१ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ३० करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत वर्ष १९.२ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ८.९ प्रतिशतले घटी रु. ३ अर्ब ५३ करोडमा सीमित रहेको छ । यस वर्ष भारततर्फको निर्यातको प्रमुख वस्तुहरुमध्ये दाल, वनस्पति घ्यू, पोलिष्टर धागो, पश्मिना, तामाको तार तथा डण्डी, रसायन, जुस, पिना, गाइवस्तुको दाना, जुत्ता चप्पल, कपडा, खयर, खोटो, फापर आदिको निर्यातमा वृद्धि भएको छ । यसैगरी अन्य मुलुकतर्फ ऊनी गलैंचा, पश्मीना र गरगहनाको निर्यात बढे तापनि दाल, तयारी पोशाक, छालाका तयारी वस्तुहरु तथा प्रशोधित छालाको निर्यात घटेको छ । भारततर्फ भने दन्तमन्जन, सुठो, अदुवा, अलैंची, ढुटोको तेल, टर्पन्टाइन, जि.आई. पाइप, एम.एस. पाइप, कागज, तयारी पोशाक जस्ता वस्तुहरुको निर्यात घटेको छ ।




१६. गत बर्ष २३.६ प्रतिशतले वृद्धि भएको कुल आयात यस बर्ष ७.५ प्रतिशतले घटी भई रु. १९ अर्ब ८४ करोडमा सीमित भएको छ । गत वर्ष २४.३ प्रतिशतले वृद्धि भएको भारतबाट भएको आयात यस बर्ष १.५ प्रतिशतले मात्र वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात गत वर्ष २२.७ प्रतिशतले वृद्धि भएकोमा यस बर्ष १८.९ प्रतिशतले घटेको छ । यस वर्ष भारतबाट गहुँ, चामल, दाल, नून, अन्य यन्त्र तथा पूर्जा, हट रोल्ड सिट, एम एम विलेट, कपडा, सिमेन्ट, विद्युतीय सामान, सवारी साधन आदि र अन्य मुलुकहरुबाट धागो, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, प्लाष्टिक दाना, टायर तथा ट्युब, दूरसञ्चारका उपकरण तथा पूर्जाहरु, हवाईजहाजका पार्टपूर्जा, अन्य यन्त्र तथा पूर्जाहरु, विद्युतीय सामान, औषधि, कपडा, कम्प्यूटर पार्ट्स् आदिको आयातमा ह्रास आएको छ । भारतबाट यस वर्ष मुख्यतया धागो, रसायन, यातायातका साधन, रासायनिक मल, पेट्रोलियम पदार्थ, औषधि, प्लाष्टिकका सामानहरु, कोल्ड रोल्ड सिट, एम एम वायर रड, प्लाष्टिक दाना आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुपारी, कच्चा ऊन, रासायनिक मल, जस्ता वस्तुहरुको आयात बढेको छ ।

१७. यस बर्ष निर्यातमा वृद्धि तथा आयातमा ह्रास आएको कारण कुल व्यापार घाटा १७.२ प्रतिशतले घटी रु. ११ अर्ब १ करोड रहेको छ । गत वर्ष व्यापार घाटा २२.८ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, कुल व्यापार गत वर्ष २३.९ प्रतिशतले वृद्धि भएको तुलनामा यस बर्ष ३.१ प्रतिशतले घटेको छ । भारततर्फको आयात बढेको तर अन्य मुलुकतर्फको निर्यात तथा आयातमा भने ह्रास आएको कारण कुल व्यापारमा भारतको अंश अघिल्लो आर्थिक वर्षको ५४.९ प्रतिशतबाट वृद्धि भई यस बर्ष ६०.९ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ४५.१ प्रतिशतबाट ३९.१ प्रतिशतमा झरेको छ ।

१८. नेपालको कुल निर्यात/आयात अनुपात गत वर्ष ३८.० प्रतिशत रहेकोमा यस बर्ष निर्यात बढेको तथा आयात घटेकोले यो अनुपात ४४.५ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत वर्ष ३५.७ प्रतिशत रहेकोमा यस बर्ष ४३.६ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको अनुपात गत वर्ष ४०.८ प्रतिशत रहेकोमा यस बर्ष ४५.८ प्रतिशत पुगेको छ ।




**शोधनान्तर स्थिति**

१९. आर्थिक वर्ष २०६०/६१ मा आर्थिक वर्ष २०५९/६० को तुलनामा निर्यातको वृद्धिदरको तुलनामा आयातको वृद्धिदर उच्च रहेको तथा आयातको आयतन निर्यातको तुलनामा बढी भएकोले व्यापार घाटा १६.३ प्रतिशतले वृद्धि भई रु. ८१ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्ष व्यापार घाटा ३१.७ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६०/६१ मा सेवातर्फ पर्यटन आय ५३.७ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ५ करोड पुगेको, अन्यत्र नपरेको सरकारी आय ७.८ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब १४ करोड पुगेको र अन्य सेवा आय ९.७ प्रतिशतले बढ्न गई रु. ८ अर्ब ९४ करोड पुगेको हुंदा अघिल्लो आर्थिक वर्ष १२.८ प्रतिशतले मात्र बढेको कुल सेवा आय आर्थिक वर्ष २०६०/६१ मा २८.७ प्रतिशतले वृद्धि भई रु. ३४ अर्ब १३ करोड पुगेको छ । सेवा क्षेत्रको भुक्तानीतर्फ पर्यटन खर्च ५८.६ प्रतिशतले, यातायात खर्च ८.२ प्रतिशतले र अन्य खर्च २१.६ प्रतिशतले बढेको कारण कुल सेवा भुक्तानीमा २७.४ प्रतिशतले वृद्धि भएको छ ।

२०. आर्थिक वर्ष २०६०/६१ मा आय शीर्षकतर्फको प्राप्तिमा (Income Credit) १४.६ प्रतिशतले ह्रास भई रु. ३ अर्ब ८३ करोडमा झरेको छ । उक्त शीर्षकतर्फको भुक्तानी भने ६.३ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ४९ करोड पुगेको छ । फलस्वरुप वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा १५.९ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब ५ करोड पुगेको छ । सो घाटा आर्थिक वर्ष २०५९/६० मा २७.८ प्रतिशतले वृद्धि भएको थियो ।

२१. ट्रान्सफर आयतर्फ आर्थिक वर्ष २०६०/६१ मा अनुदान ४१.३ प्रतिशतको उल्लेख्य रुपले वृद्धि भई रु. १९ अर्ब ५६ करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० मा अनुदान ९.४ प्रतिशतले मात्र बढेको थियो । निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) आर्थिक वर्ष २०५९/६० मा १४.० प्रतिशत वृद्धिको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा १०.० प्रतिशतले वृद्धि भई रु. ५९ अर्ब ६० करोड पुगेको छ । आर्थिक वर्ष २०६०/६१ मा निवृत्तिभरण (Pension) आय ७.९ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ९० करोड र अन्य शीर्षकमा रहेको भारतीय अन्तःशुल्क फिर्ता रकम ३०.० प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ११ करोड पुगेको छ । ट्रान्सफर भुक्तानी ८३.६ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब १० करोड पुगेको छ । आर्थिक वर्ष २०५९/६० मा यस्तो भुक्तानी १३.२ प्रतिशतले वृद्धि भई रु. २ अर्ब २३ करोड पुगेको थियो ।

२२. आर्थिक वर्ष २०६०/६१ मा चालु खातामा रु. १२ अर्ब ३ करोडको बचत हुन गएको छ । अघिल्लो आर्थिक वर्षमा चालु खातामा रु. ११ अर्ब ६१ करोड बचत भएको थियो । पूँजीगत ट्रान्सफर आर्थिक वर्ष २०६०/६१ मा रु. १ अर्ब ४५ करोड प्राप्त भएको छ । अघिल्लो आर्थिक वर्ष पूँजीगत ट्रान्सफर रु. ५ अर्ब ३९ करोड प्राप्त भएको थियो ।

२३. वित्तीय खाता (Financial Account) तर्फ अन्य लगानी सम्पत्ति (Other Investment Assets) आर्थिक वर्ष २०५९/६० मा रु. ३४ अर्ब ६३ करोड थप भएकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. ३६ अर्ब ६५ करोड थप भएको छ, जसमध्ये व्यापारिक ऋण रु. ४ अर्ब ८२ करोड रहेको छ । अन्य लगानी दायित्व (Other Investment Liabilities) अघिल्लो आर्थिक वर्ष रु. १६ अर्ब ४७ करोड थप भएकोमा आर्थिक वर्ष २०६०/६१ मा रु. १४ अर्ब १८ करोड थप भएको छ । जसमध्ये व्यापारिक ऋण (Trade Credit) रु. ७ अर्ब ७६ करोड रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा सरकारी ऋण आप्रवाह रु. ९ अर्ब १० करोड र साँवा भुक्तानी रु. ५ अर्ब ७७ करोड भई खुद सरकारी ऋण आप्रवाह रु. ३ अर्ब ३४ करोड भएको छ । आर्थिक वर्ष २०६०/६१ मा विदेशी मुद्रा तथा निक्षेप

दायित्व रु. ३ अर्ब २३ करोडले बढेको छ । सोही अनुरुप वित्तीय खाता रु. २२ अर्ब ४७ करोडले ऋणात्मक रहन गएको छ । चालु खातामा उच्च बचत रहेको तथा विविध पूँजी आप्रवाह पनि उल्लेख्य भएको कारण आर्थिक वर्ष २०६०/६१ रु. १६ अर्ब ५१ करोडको शोधनान्तर बचत भएको छ । अघिल्लो आर्थिक वर्षमा रु.४ अर्ब ३६ करोडको शोधनान्तर बचत भएको थियो । मौद्रिक तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६०/६१ को प्रथम दुई महिनामा रु. २ अर्ब ५९ करोड शोधनान्तर घाटा भएकोमा यस आर्थिक बर्षको सोही अवधिमा रु. ४ अर्ब २३ करोडको शोधनान्तर घाटा भएको छ ।


## विदेशी विनिमय संचिति

२४. २०६१ भाद्र मसान्तमा कुल विदेशी विनिमय संचिति रु. १ खर्ब २५ अर्ब ३३ करोड पुगेको छ । २०६० भाद्रको तुलनामा २०६१ भाद्रमा परिवर्त्य बिदेशी विनिमय संचिति १८.४ प्रतिशतले वृद्धि भएको छ । वैदेशिक ऋण र अनुदान सहयोग बढेको तथा पेट्रोलियम पदार्थको आयात पूर्णतः अपरिवर्त्य मुद्राको भुक्तानीबाट भएकोले आर्थिक वर्ष २०६१/६२ को दोश्रो महिनामा परिवर्त्य संचिति बढ्न गएको हो । यस अवधिमा भारततर्फको निर्यात उल्लेख्य वृद्धि भएको तथा आयात घटेकोले अपरिवर्त्य संचिति पनि २४.७ प्रतिशतलेवृद्धि भएको छ । गत वर्ष परिवर्त्य संचिति १९.९ प्रतिशतले वृद्धि भएको थियो भने अपरिवर्त्य संचिति ६४.३ प्रतिशतले घटेको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९१.८ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ८.२ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६०/६१ को दोश्रो महिनामा यस्तो अंश क्रमशः ९२.२ प्रतिशत र ७.८ प्रतिशत रहेको थियो । वर्तमान आयात प्रवृत्तिलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १२.६ महिनाको वस्तु आयात र १०.५ महिनाको वस्तु र सेवा आयात धान्न पर्याप्त छ ।

चार्ट नं. : ५

**शोधनान्तर स्थिति तथा बिदेशी बिनिमय संचिति**


(प्रथम दुई महिना, रकमगत)




## शेयर बजार गतिविधि

२५. शेयर बजारमा २०६१ भाद्र महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक तथा रकमगत शेयर कारोवारमा ठूलो वृद्धि भएको छ । साथै शेयर बजारका अन्य परिसूचकहरुमध्ये शेयर मूल्य, सूचीकृत र कारोवार भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरणमा पनि वृद्धि भएको छ । बाणिज्य बैंकहरु र औद्योगिक उत्पादन क्षेत्रका कम्पनीहरुको दोस्रो शेयर बजार कारोवार उल्लेखनीय रुपमा बढेको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भए तापनि अघिल्लो वर्षको भाद्र महिनाको तुलनामा समीक्षा महिनामा चुक्ता पूँजी १.४ प्रतिशत (रु.१८ करोड २० लाख) ले ह्रास भई रु. १२ अर्ब ५१ करोड ६० लाखमा झरेको छ । २०६० भाद्र महिनाको तुलनामा यस वर्षको सोही महिनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा २१.३ प्रतिशत (रु.७ अर्ब ८८ करोड २६ लाख) ले वृद्धि भई रु. ४४ अर्ब ९३ करोड ९६ लाख पुगेको छ । २०६० भाद्र मसान्तमा कारोवार बन्द हुँदा २०८.४६ रहेको नेप्से परिसूचकाङ्कमा यस वर्षको सोही महिनाको अन्त्यमा २६.१२ विन्दु (१२.५ प्रतिशत) ले वृद्धि भई २३४.५८ पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज लि. मा २०६० भाद्र महिनामा सूचीकृत कम्पनीहरुको संख्या १०९ रहेकोमा २०६१ भाद्र महिनामा त्यस्ता कम्पनीहरुको संख्या ११५ पुगेको छ । गत वर्षको भाद्र महिनामा ६६ वटा कम्पनीको शेयर कारोवार भएकोमा २०६१ भाद्र महिनामा कारोवार भएका कम्पनीहरुको संख्या ७४ पुगेको छ ।

२६. २०६१ भाद्र महिनामा रु.१ अर्ब ७९ करोड ५८ लाख ९० हजार मूल्यका ६३ लाख २४ हजार कित्ता शेयर ६५४० कारोवार मार्फत खरिदबिक्री भएका छन् । गत वर्षको सोही महिनामा रु. ४ करोड ४४ लाख ७० हजार मूल्यका १ लाख ९६ हजार कित्ता शेयर ५७२९ कारोवार मार्फत खरीदबिक्री भएका थिए । वाणिज्य बैंक समूह र औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको ज्यादै ठूलो परिमाणमा Block Share खरिदबिक्री भएका कारण २०६१ भाद्र महिनामा २०६० भाद्रको तुलनामा संख्यात्मक शेयर कारोवारमा ३१.३ गुणा र रकमगत कारोवारमा ३९.४ गुणाले वृद्धि भएको देखिन्छ ।




२७. २०६१ भाद्रमा कुल कारोवार रकममा वाणिज्य बैंक समूहको ९८.४ प्रतिशत, वित्त कम्पनीहरुको ०.९ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको ०.६ प्रतिशत, वीमा कम्पनीहरुको ०.१ प्रतिशत तथा विकास बैंक समूह, होटेल समूह र व्यापारिक समूह र अन्य समूहको योगदान नगण्य रहेको छ । गत वर्ष वाणिज्य बैंक समूहको ६६.० प्रतिशत, वित्त कम्पनीहरुको २४.१ प्रतिशत, वीमा कम्पनीहरुको ७.४ प्रतिशत, व्यापारिक समूहको ०.७ प्रतिशत, विकास बैंक समूहको ०.९ प्रतिशत, होटेल समूह ०.४ प्रतिशत, औद्योगिक उत्पादन तथा प्रशोधन कम्पनीहरुको ०.५ प्रतिशत र अन्य समूहको योगदान नगण्य रहेको थियो ।

*****